लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. २०८२।८३

च.नं.

**सूचना । सूचना ।। सूचना ।।।**

विषय : प्रतिभा पहिचान कार्यक्रममा सहभागिता सम्बन्धमा ।

श्री सामाजिक विकास डिभिजन कार्यालयस्तरको शिक्षक प्रतिभा पहिचान प्रतियोगितामा प्रथम र द्वितीय स्थान हासिल गर्ने सम्पूर्ण शिक्षक/शिक्षिकाज्यूहरु ।

लुम्बिनी प्रदेश

प्रस्तुत विषयमा यस निर्देशनालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत शिक्षक प्रतिभा पहिचान कार्यक्रम रहेकोले देहाय बमोजिमको विषयमा तपसिलमा उल्लिखित मिति,समय र स्थानमा प्रतियोगिता सञ्चालन हुने भएकोले मिति २०८३/०३/०५ गते कार्यालय समय भित्र यस निर्देशनालयको इमेल edd@lumbini.gov.np मा प्राप्त हुने गरी मौलिक र रचनात्मक प्रस्तुतीकरण पेश गर्नुहुन अनुरोध छ ।

विषयवस्तु

"तपाई लुम्बिनी प्रदेशको कुनै सामुदायिक विद्यालयमा कार्यरत हुनुहुन्छ ।उक्त विद्यालयको मौजुदा स्रोत साधन र जनशक्ति व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य हुँदै आएको छ । विद्यालयहरुको भौतिक संरचनाको विकास भएतापनि सिकाई उपलब्धी आशातितरुपमा बढ्न सकेको छैन ।धेरै जसो विद्यालयहरु "आफ्नै नाम र काममा" रमाउँदै गएका छन् । आफ्नै ज्ञान र बलबुताले मात्रै अध्यापन गरी "एकै विधि सबैका लागि" भन्ने मान्यता अबलम्बन गरिएको छ । प्रविधिजन्य विकासले ल्याएको अवसरहरुलाई पूर्णरुपमा आत्मसाथ गर्न नसकी Fixed Mindset बाट माथि उठ्न सकेको अवस्था छैन ।नमुना विद्यालय घोषणा गरिएका विद्यालयहरु पनि नमुना विद्यालय भनि बोर्डमा नमुना बनाईएको छ तर अध्यापनको परम्परागत चलन छोड्न सकेको अवस्था छैन । यस्तो परिस्थितिमा तपाई एक कुशल शिक्षक बनी Fixed Mindset बाट माथि उठी Alpha Generation का बालबालिकाहरुको मनमष्तिष्क जित्नसक्ने गरी Text Book मात्र अध्यापन नगरी Web



नि. महानिर्देशक

लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका(देउखुरी), नेपाल

प.सं. २०८२।८३

च.नं.

Based र Cloud Based, Projector Based Vs AI Based, Physical To Digital Learning जस्ता पछिल्ला Global Trends लाई आत्मसाथ गरी कसरी अध्यापन गर्नुहुन्छ ? कार्ययोजनासहित बढिमा १५ मिनेटको प्रस्तुतीकरण ।

**प्रतियोगिता संचालन हुने मिति,समय र स्थानः**

मितिः २०८३।०३।०७

समयः बिहान ८ बजे

स्थानः कालिका मानव ज्ञान मा.वि., बुटवल, रुपन्देही

**नोटः**

१.सहभागीहरुलाई नियमानुसार यातायात खर्च उपलब्ध गराईने छ ।

२.प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने प्रतियोगीहरुलाई तोकिए बमोजिमको पुरस्कार उपलब्ध गराईने छ । साथै सान्त्वना पुरस्कारको पनि व्यवस्था रहेको छ ।

३.सामाजिक विकास डिभिजन कार्यालयहरुले प्रतियोगीहरुलाई प्रतियोगिता स्थलसम्म जान आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।

(हरिलाल अर्याल)

नि.महानिर्देशक